# विद्यालय तहमा नेपाली शिक्षणसिकाइ सहजीकरण प्रक्रियाप्रति शिक्षक

**डा. नारायणप्रसाद पन्थ**
त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस
इमेल : panthanarayan25@gmail.com
Orcid ID : https://orcid.org/ 0009-0006-0535-1151
**Received Date:** March 7, 2025; **Reviewed Date:** April 12, 2025
**Accepted Date:** April 29, 2025

## लेखसार

प्रस्तुत लेख विद्यालय तहमा नेपाली शिक्षण सिकाइ सहजीकरण प्रक्रियाप्रति शिक्षकका अनुभवमा केन्द्रित रहेको छ । यस लेखको मुख्य उद्देश्य शिक्षकका धारणाका आधारमा विद्यालय तहमा नेपाली शिक्षण सिकाइ सहजीकरण प्रक्रियाप्रति शिक्षकका अनुभव केकस्ता छन् भन्ने प्राज्ञिक जिज्ञासाको खोजी, पहिचान तथा विश्लेषण गर्नु रहेको छ । यसका लागि गुणात्मक ढाँचा, घटना अनुभव पद्धति र निर्माणवादी सिद्धान्तको उपयोग गरिएको छ । यस लेखमा गरिएको स्थलगत अध्ययनअनुसार उद्देश्यपूर्ण नमुना छनोटका आधारमा रुपन्देही जिल्लाका पाँचओटा विद्यालयमा नेपाली अध्यापन गर्ने दसजना शिक्षक छनोट गरी अर्धसंरचनात्मक अन्तरवार्ताका आधारमा तथ्य सङ्कलन गरिएका छन् । द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय कार्यबाट सैद्धान्तिक सामग्री सङ्कलन गरी उक्त तथ्यहरूलाई वर्णनात्मक ढङ्गले विश्लेषण गरी सङ्कलित तथ्यबाट आशय निर्माण गरी प्राज्ञिक जिज्ञासाका आधारमा निष्कर्षमा पुगिएको छ । शिक्षकले बताएअनुसार नेपाली शिक्षणलाई भाषाशिक्षण सिकाइसँग जोड्नुपर्दछ । विद्यार्थीका शैक्षिक तथा मनोवैज्ञानिक स्तरअनुसार समयसापेक्ष हुने गरी भाषाशिक्षण सिकाइसँग सम्बन्धित पाठ्यसामग्री छनोट र स्तरण गर्नुपर्ने देखिन्छ । यसमा वि.सं. २०२८ यताको नेपाली भाषा सिकाइ सहजीकरण प्रक्रिया क्रमशः वैज्ञानिक, प्रयोजनपरक र सिप केन्द्रित हुँदै आएको, वि.सं.२०२८ पूर्व शिक्षण सामग्रीको उपयोगप्रतिको बेवास्ता, शिक्षण विधि र मूल्याङ्कन परिपाटीप्रतिको स्पष्ट दृष्टिकोणको अभाव रहेकामा वि.सं. २०२८ पछि क्रमशः सिकारुमैत्री शिक्षण, सहयोगात्मक सिकाइ, उत्प्रेरणा तथा पृष्ठपोषणजस्ता सिकाइ सहजीकरणका पक्षमा ध्यान पुगेको देखिन्छ । खास गरी वि.सं. २०७८ को माध्यमिक नेपाली पाठ्यक्रमसँगै नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण प्रक्रियालाई प्रायोगिक, व्यवस्थित, अन्तरक्रियात्मक र भाषाशिक्षणको मर्म अनुकूल बनाउन खोजिएको छ । मूलतः शिक्षक केन्द्रित शिक्षण विधिमा आधारित नेपाली शिक्षण क्रमशः विद्यार्थीमैत्री सिकाइ सहजीकरणको उपयोगतर्फ केन्द्रित हुँदै आएको निष्कर्ष निकालिएको छ । नेपाली भाषा सिकाइ सहजीकरणको परम्परा र प्रवृत्तिका विषयमा केन्द्रित यो लेख सिकाइ सहजीकरण प्रक्रियालाई व्यवस्थित गराउन उपयोगी हुने देखिन्छ । यस अध्ययनबाट यस क्षेत्रमा रही अन्वेषण गर्न चाहने विद्यार्थी, शिक्षक तथा अनुसन्धानकर्तालगायतलाई सैद्धान्तिक अवधारणा ग्रहण गर्न र त्यसको उपयोग गरी विश्लेषण गर्न मदत पुग्ने अपेक्षा गरिएको छ ।

**शब्दकुञ्जी :** भाषिक सिप, शैक्षिक उद्देश्य, विद्यार्थीमैत्री, शिक्षण विधि, सिकाइ क्रियाकलाप ।

**विषयपरिचय**

नेपाल विभिन्न जातजाति, भाषाभाषी र समुदायको समष्टि रूप हो । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ (केतवि. राष्ट्रिय जनगणना २०७८) । नेपालको संविधान, २०७२ को भाग १ धारा ६ र ७ का साथै भाग ३ को धारा ३१ र ३२ मा नेपालमा भएका भाषासम्बन्धी व्यवस्था गरिएको छ । संविधानको धारा ७ मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने भनिएको छ । नेपाली भाषा अभिलेखका रूपमा वि.सं. १०३८ को दामुपालको सउपाल अडैले लेखेको पाइएको अभिलेखबाट जारी अभिलेखका आधारमा भएको पाइन्छ (ढकाल, २०६७,पृ. ३२४) । नेपालको इतिहासमा एघारौँ शताब्दीदेखि नेपाली भाषाको प्रयोग हुँदै आए तापनि वि.सं. १३१२ को शिलालेखबाट यसको लिखित रूप प्राप्त भएको पाइन्छ । यसपछि क्रमशः नेपाली भाषाले राष्ट्रभाषा, साझा सम्पर्क भाषा, शिक्षा, सञ्चार तथा प्रशासनको माध्यम भाषा बनी अन्तर्राष्ट्रिय स्तरसम्म व्यापक भएको छ । नेपाली भाषा पाठ्यपुस्तकको विकासक्रमलाई हेर्दा वि.सं. १९५८ मा देवशमशेरले खोलेका भाषा पाठ्शालामा अक्षराङ्क शिक्षा पाठ्यपुस्तकबाट विद्यालयमा नेपाली भाषाले प्रवेश पाएको पाइन्छ । वि.सं. १९९० मा गोर्खा भाषा प्रकाशिनी समितिको स्थापनापछि भाषा पाठशालाका लागि शिशुबोधिनी तथा गोरखा शिक्षाजस्ता पाठ्यपुस्तक प्रकाशन भएपछि भाषा पाठ्यपुस्तकका रूपमा नेपालीलाई समावेश गरिएको पाइन्छ । वि.सं. १९९० सालमा एस.एल.सी. बोर्डको स्थापनापछि माध्यमिक तहमा पनि नेपाली भाषा पाठ्यपुस्तकले ऐच्छिक विषयका रूपमा समावेश भएर अध्ययन अध्यापनमा सहयोग पुऱ्याएको पाइन्छ । २००८ सालमा आएर माध्यमिक तहमा अनिवार्य नेपाली विषय समावेश गरिएको पाइन्छ । त्यसपछि समयसापेक्ष रूपमा नेपाली भाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन हुँदै आएका छन् । गुरुकुल शिक्षा पद्धतिबाट सुरु भएको नेपालको शिक्षा विकासमा नेपाली भाषाशिक्षणको औपचारिक आरम्भ भाषा पाठशाला (१९५८ को सुरुवातसँगै भएको पाइन्छ (अधिकारी, २०६३,पृ.३) । भाषापाठ्यक्रम भाषा सिकाइसँग सम्बन्धित व्यवस्थित शैक्षिक योजना हो । यसमा समाविष्ट आवश्यक अङ्गमध्ये शिक्षण सिकाइ सहजीकरण प्रक्रियाले भाषा पाठ्यक्रमका निर्धारित उद्देश्यलाई उपलब्धिमूलक बनाउन सहयोग गर्छ । भाषा पाठ्यक्रममा समाविष्ट कार्यकलाप विद्यार्थीको रुचि, स्तर, क्षमता र उनीहरूका भाषिक अनुभवसँग सम्बन्धित हुनुपर्छ । सिकाइ सहजीकरणमा सिकारुको शैक्षणिक र मनोवैज्ञानिक पक्षलाई विशेष ख्याल गर्नुपर्छ (भट्टराई र अन्य, २०७४,पृ.९) । भाषिक सीप विकास गर्ने उद्देश्यले राखिएका अभ्यासहरू मूल पाठसँग सम्बन्धित र स्पष्ट हुनुका साथै पहिचानात्मक (सैद्धान्तिक) नभई प्रयोगात्मक हुनु राम्रो ठानिन्छ (ढुङ्गेल र दाहाल, २०७४,पृ.१२५) । भाषा पाठ्यपुस्तक खास तह र कक्षाका विद्यार्थीका रुचि, क्षमता, चाहना तथा आवश्यकतालाई ध्यान दिएर सम्बन्धित विषयका विज्ञहरूद्वारा तयार पारिएको हुन्छ । यसको निर्माण विद्यार्थीहरूमा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सिपको विकास गर्ने हेतुले गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा ज्ञानभन्दा ज्यादा सीपलाई जोड दिइन्छ (भण्डारी र पोखरेल, २०७५, पृ.२४०) । भाषाको लेख्य रूप दृश्यात्मक हुन्छ । यसले ज्ञानविज्ञानका उपलब्धिलाई युगौँयुगसम्म सुरक्षित राखी सभ्यताको विकासमा सहयोग पुऱ्याएको हुन्छ ।

भाषा सामाजिक एवम् सांस्कृतिक मूल्यमान्यताको प्रतिविम्ब र हस्तान्तरण गर्ने माध्यम हो । सिकारुले आफ्नै प्रयासबाट आर्जन गरेका अनुभवहरू पछिसम्मका लागि अर्थपूर्ण हुन्छन् । सिकारुका सिकाइ अनुभवलाई बढीभन्दा बढी उपयोग गर्दै उनीहरूलाई सिर्जनशील, बौद्धिक, प्रतिस्पर्धी, नैतिकवान्, योग्य, सक्षम र चरित्रवान् बनाउन कक्षाकोठामा गरिने सिकाइ सहजीकरण प्रक्रियाले भूमिका खेलेका हुन्छन् । २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले माध्यमिक तहमा अनिवार्य नेपालीको व्यवस्था गरेको थियो । समयानुकुल बनाउदै लैजाने उद्देश्यले विभिन्न समयमा गठन भएका आयोगहरूले नेपाली भाषालाई पनि छुट्टै अनिवार्य विषयका रूपमा विद्यालयका पाठ्यक्रममा समावेश गर्दै आएका छन् । वर्तमान सन्दर्भमा पूर्व प्राथमिक तहदेखि स्नातक तहसम्म नेपाली विषयलाई अनिवार्य गरिएको छ । नेपाली भाषालाई थप उचाइँमा पुऱ्याउन पाठ्यपुस्तक निर्माणमा नेपाल सरकारले स्वीकृत गरेका पाठ्यक्रमअनुसार नियमानुसारका प्रक्रिया पूरा गरी पाठ्यक्रम विकास पाठ्यपुस्तक तयार गर्दछ । केन्द्रले तयार गरेको Print Ready Copy - PRC जनक शिक्षा सामग्री केन्द्रमा मुद्रण गरी विद्यालयमा वितरण गरिन्छ ।

सिकाइ सहजीकरणमा आधारित नेपाली भाषाशिक्षणमा प्रयोग गरिने शिक्षण सामग्री, विधि, मूल्याङ्कन, शैक्षणिक योजनाको अवस्था, सहकार्यकलाप, सहयोगात्मक सिकाइ, उत्प्रेरणा, पृष्ठपोषण, सिर्जनात्मक कार्य, परियोजना कार्यलगायत पक्षमा शिक्षक, विद्यार्थीको संलग्नताको खोजी आवश्यक छ । नेपाली भाषा सिकाइ सहजीकरणको परम्परा र प्रवृत्तिको खोजीबाट आजको शिक्षण सिकाइ कार्यलाई उपलब्धिमूलक र उद्देश्यपूर्ण बनाउन सकिन्छ । प्रस्तुत लेखमा विद्यालय तहमा नेपाली शिक्षण सिकाइ सहजीकरण प्रक्रियाप्रति शिक्षकका अनुभवको खोजी गरिएको छ । नेपाली भाषाशिक्षणको परम्परा र प्रवृत्तिको जानकारीसहित वर्तमानमा नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण प्रक्रियालाई सिकारुमैत्री, सहभागितामूलक र सार्थक बनाउन सहयोग मिल्ने भएकाले अनुसन्धानको महत्त्व पुष्टि हुन्छ । भाषिक सिप विकासको उद्देश्यबमोजिम भाषा पाठ्यक्रम तथा सोहीअनुकूलका पाठ्यवस्तु निर्धारण र प्रस्तुतीकरण हुँदै आएका छन् । प्रारम्भिक अवस्था वि.सं. २०२८ अघि, २०२८ पछि वर्तमानसम्म आइपुग्दा नेपाली भाषाशिक्षणको अवस्था तथा नेपाली भाषा सिकाइ सहजीकरणमा पाइने अन्तर खोजमूलक रहेका छन् । त्यसैले यस प्रकारको अनुसन्धान यसपूर्व भएको नपाइएको र भएका अध्ययनहरू पनि सैद्धान्तिक प्रकृतिका भएकाले अनुसन्धानमा पर्याप्त अन्तराल देखिन्छ । यसबाट अनुसन्धानको औचित्य पनि स्पष्ट हुन्छ । त्यसैले यस लेखमा माध्यमिक तह (कक्षा ९-१०) को नेपाली भाषाशिक्षण सिकाइ सहजीकरणका प्रारम्भिक अवस्था ( वि.स. २०७८ पूर्व र वर्तमान नेपाली भाषाशिक्षण सिकाइ सहजीकरणको अध्ययनमा सीमित गरिएको छ । यस लेखको उद्देश्य सिकाइ सहजीकरणसँग सम्बन्धित यिनै प्राज्ञिक जिज्ञासामा केन्द्रित विद्यालय तहमा नेपाली शिक्षण सिकाइ सहजीकरण प्रक्रियाप्रति शिक्षकका अनुभवको खोजी तथा सान्दर्भिकता के हो भन्ने प्राज्ञिक जिज्ञासामा केन्द्रित रही अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययनविधि र सैद्धान्तिक पर्याधार

प्रस्तुत लेख विद्यालय तहमा नेपाली शिक्षण सिकाइ सहजीकरण प्रक्रियाप्रति शिक्षकका अनुभवमा केन्द्रित रहेको छ । अध्ययनका लागि उद्देश्यपूर्ण नमुना छनोटका आधारमा रुपन्देही जिल्लामा रहेका पाँचओटा माध्यमिक विद्यालयहरू कालिकामानवज्ञान मा.वि., जनता मा.वि., कान्ति मा.वि., उजिरसिंह मा.वि. र सिद्धेश्वर लालकुमारी मा.वि. गरी जम्मा पाँचओटा विद्यालयमा नेपाली विषय अध्यापन गर्ने हाल सेवानिवृत्त रहेका र सेवारत ५/५ जना गरी जम्मा दसजना सूचक शिक्षक छनोट गरी सहभागी गराइएको छ । छनोट गरिएका शिक्षकहरूलाई शिक्षक एक, शिक्षक दुई, शिक्षक तीन, शिक्षक चार, शिक्षक पाँच गरी क्रमशः शिक्षक दस गरी सङ्केत गरिएको छ । यही सङ्केतका आधारमा पहिले विद्यालय तहमा नेपाली शिक्षण सिकाइ सहजीकरण प्रक्रियाप्रति शिक्षकका साझा धारणा प्रस्तुत गरी शिक्षकका अनुभव उल्लेख गरिएका छन् । यसक्रममा नेपाली विषय शिक्षकसँग भेटघाट गरी ब्ली र टेलर (सन् २००२) ले भनेझैँ अर्धसंरचना प्रकृतिको अन्तरवार्ता गरी तथ्य सङ्कलन गरिएका छन् । यसक्रममा अनुसन्धानको नैतिक पक्षलाई ध्यान दिई विषय शिक्षकको नाम उल्लेख नगरी सङ्केतका आधारमा उनीहरूका धारणा प्रस्तुत गरिएका छन् । यसका लागि आवश्यक सामग्री द्वितीयक स्रोतबाट पनि सङ्कलन गरिएका छन् । विश्लेषणात्मक विधिमा आधारित यस लेखमा पुस्तकालयीय कार्यबाट पनि सामग्री सङ्कलन गरी सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई स्रोतसामग्रीका रूपमा उपयोग गरिएका छन् । गुणात्मक प्रकृतिको यस लेखमा विद्यालय तहमा नेपाली शिक्षण सिकाइ सहजीकरण प्रक्रियाप्रति शिक्षकका अनुभवको तथ्यपरक विश्लेषण गरिएको छ । प्रस्तुत लेख विद्यालय तहमा नेपाली शिक्षण सिकाइ सहजीकरण प्रक्रियाप्रति शिक्षकका अनुभवमा केन्द्रित रहेको छ । यस लेखमा भिगोत्स्कीद्वारा प्रतिपादित सामाजिक निर्माणवादी सिद्धान्तलाई मनोवैज्ञानिक पियाजेको संज्ञानात्मक मनोविज्ञानक आधारबाट विकसित नवीन सिद्धान्त मानिएको छ । यो सिद्धान्त शिक्षण सिकाइ र मनोविज्ञानका क्षेत्रमा नयाँ सोच, नयाँ निर्माण, नयाँ चिन्तन, नयाँ अनुभव, नयाँ विधि, नयाँ ज्ञान, नयाँ सिप, नयाँ विकास, नयाँ मूल्य र नयाँ व्यवहारको धरोहरका रूपमा प्रतिस्थापित छ (पौडेल, सन् २०१८, पृ. २८) । बालकमा संस्कृतिको विकास क्रमशः सामाजिक र व्यक्तिगत तहमा देखिन्छ । यो क्रम पहिला व्यक्ति व्यक्तिका बिचमा र पछि गएर आफैँभित्र विकसित हन्छ (भिगोत्स्की, सन् १९७८, पृ. ५७) । यस सिद्धान्तअनुसार बालबालिकामा आफू एक्लैले प्राप्त गर्ने ज्ञान र सिपभन्दा वयस्क, अग्रज वा साथीसँगको सङ्गतले प्राप्त गर्ने ज्ञान र सिपको मात्रा बढी हुन्छ (क्यामेरोन, सन् २००१, पृ. ५२८) । यस्तै निर्माणवादी सिद्धान्तले सिकाइलाई सरचनात्मक टेवाका रूपमा लिँदै सिकाइ सदैव रचनावादमा आधारित हुन्छ भन्ने मान्यता राखेको छ, जुन सम्प्रेषण सिद्धान्तको नजिक छ (जु र ब्राउन, सन् २०१५, पृ. ३५) । यसका आधारमा आफूभन्दा अग्रज, विज्ञ, शिक्षक, साथीसँगको सङ्गत र सहकार्यले सिकाइमा टेवा पुऱ्याएको हुन्छ । यसै आधारमा शिक्षक शिक्षण सिकाइका लागि सहयोगी, मार्गदर्शक र सहजकर्ताका रूपमा रहन्छन् । यस सिद्धान्तले भाषालाई अन्तरक्रिया गर्ने प्राथमिक तरिका मान्दछ र कक्षाकोठामा हुने सहकार्यमूलक सिकाइलाई महत्त्व दिएको छ (स्योमविन, सन् २०१६, पृ. ५४) । तिमीले भन्यौ भने म विर्सन्छु, तिमीले देखायौ भने म सम्झन्छु र तिमीले गरायौ भने म सिक्छु भन्ने बेन्जामिनको भनाइ (शर्मा, २०६९,पृ.३०) लाई आधार मान्दा प्रभावकारी सिकाइ सहजीकरणमा शिक्षण सामग्रीको प्रयोग अनिवार्य हुन्छ । सहयोगात्मक सिकाइलाई जोन डिवेले ज्ञान निर्माण गर्ने उत्तम उपाय भनेका छन् । यसमा सिकारुबिच पर्याप्त छलफलका साथ सामग्रीको आदान प्रदान हुन्छ (डिमिट्रिएडिस एन्ड

कम्बरेलिस (सन् २००६, पृ. ९) । यसरी सहभागीबिच योजनानिर्माणका आधारमा उत्प्रेरणासहित सहज सिकाइ हुन्छ र तत्काल पर्याप्त पृष्ठपोषण प्राप्त हुन्छ । यसमा मैले के सिकेँ र के सिकाएँ भन्ने आत्मप्रतिविम्वन प्राप्त हुन्छ । यसबाट सामाजिक, सांस्कृतिक सहयोग र अन्तरक्रिया हुन्छ । निर्माणवादी सिद्धान्तमा भाषालाई अन्तरक्रिया गरी ज्ञाननिर्माण गर्ने प्राथमिक तरिका मानेका छन् ।

## परिणाम र विमर्श

प्रस्तुत अध्ययन विद्यालय तहमा नेपाली शिक्षण सिकाइ सहजीकरण प्रक्रियाप्रति शिक्षकका अनुभवमा केन्द्रित रहेको छ । यसका लागि अन्तर्वार्ताका माध्यमबाट दसजना नेपाली भाषाशिक्षकले दिएका उत्तरलाई आधार मानी तिनको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । अन्तर्वार्ता मार्गदर्शनमा सोधिएका मुख्य मौखिक प्रश्नलाई नै थिम मानेर तिनको विश्लेषण गरी छलफल गरिएको छ । प्रस्तुत लेखमा विद्यालय तहमा नेपाली शिक्षण सिकाइ सहजीकरण प्रक्रियाप्रति शिक्षकका अनुभवलाई समेटिएका छन् । यसअनुसार सेवानिवृत्त शिक्षक एक भन्छन् : २००७ सालपूर्वका शिक्षक तथा विद्यार्थीले निकै दुख गरेर पढ्ने र पढाउँथे । बाँसको सुपालो निकाली माटाले झुस फाली निगाला बाँसका कलम बनाएर सिमि, घिरौला तथा किम्बुका पात र फलबाट मसी बनाएर लेखिन्थ्यो र पढिन्थ्यो । मसी र कापीको सुविधा थिएन । धुलौटो काठको पाटीमा माटो लगाएर मसिनो गराइ बाँसको छेस्काले लेखी पढ्ने वातावरण थियो । पछि हात्तीमार्का भन्ने कापी आएको र लेख्ने गरेको अनुभव सुनाउछन् । त्यो समयमा कडा अनुसासन र सजाय दिइन्थ्यो । एक शिक्षकको अनुभवअनुसार शिक्षकले विद्यार्थीलाई सजायका रूपमा सिउँडीको काढाँले कान छेडिदिएको अनुभव सुनाउँछन् । पढ्ने कक्षाकोठा अहिलेकाजस्ता कोठा नभएर चौर वा गोठमा हुन्थे । सेवानिवृत्त शिक्षक दुई भन्छन् : अहिले आएर नयाँ युग, नयाँ पुस्ता, सुखी जेनेरेसन, कम्प्युटरको विकास, प्रविधिको विकास तथा एआइ (AI) को चमत्कारले शिक्षण सिकाइ अत्यन्तै सहज बनाएको छ । यति हुँदा हुँदै पनि विद्यार्थीमा एआइले सिर्जनात्मकतामा ह्रास आएको छ । कण्ठ गर्ने पद्धति हटेको छ । प्रविधिको विकास सँगसँगै पढ्ने वातावरणमा निकै कमी आएको छ । पहिलेको मूल्याङ्कन परिपाटी पनि मौखिक प्रश्न सोधेर चण्डी, वेद वा पुराणका श्लोक कण्ठ गरेर सुनाएका आधारमा कक्षोन्नति गर्ने वा अर्को कक्षामा प्रवेश गर्ने आधार थियो । कण्ठ गरेर सुनाउनुपर्ने हुन्थ्यो । पास फेलको मापदण्ड वा माथिल्लो कक्षामा जाने आधार अहिलेको जस्तो औपचारिक परीक्षा थिएन । देशमा विद्यालय र शिक्षकअनुसारका शिक्षण सिकाइ गतिविधि सञ्चालन भएका थिए । यसै गरी त्यस समयमा शिक्षकमा योग्यता र तालिमको अभाव, भाषाशिक्षणप्रतिको नकारात्मक धारणा तथा भाषाशिक्षणमा आधारित पाठ्यक्रम र पाठ्यपुस्तक तथा शिक्षण सामग्री निर्माणसम्बन्धी दृष्टिकोणको विकास नभएका कारण सिकाइ सहजीकरण सिपपरक र प्रायोगिक नभएको शिक्षकका अनुभव रहेका छन् ।

सेवानिवृत्त शिक्षक तीनका अनुसार २०२८ पूर्व शिक्षण सामग्रीको प्रयोग गर्नुपर्छ भन्ने धारणा थिएन । पुस्तक कसै कसैसँग मात्र हुन्थे । झुम्राको डस्टर र काठको फल्याकलाई बेट्रीको कालो दलेर कालोपाटी बनाई उपयोग गरिन्थ्यो । कार्यकलापमा हिजो हामीले के पढ्यौँ, आज के पढ्दै छौँ, आज के वार, गते, महिना, तिथिजस्ता पाठसँग सम्बन्धित विभिन्न सन्दर्भ, घटना, अनुभव, कथा,

कवितालगायत सुनाएर पाठतर्फ प्रवेश गर्नु प्रभावकारी हुन्छ । सेवानिवृत्त शिक्षक चारका अनुसार पहिले शिक्षक आफैँले सामग्री खोजेर वा बनाएर लैजाने गरिन्थ्यो । त्यस्ता सामग्रीमा बढी घर, चरो, मन्दिर, मानिसजस्ता प्रतिमूर्ति हुन्थे । पुस्तकमा भएका केही चित्रलाई उपयोग गरिन्थ्यो । शिक्षण सामग्रीको प्रयोगले शिक्षण सिकाइ प्रभावकारी बनाउँछ भन्ने अवधारणा थिएन । सेवानिवृत्त शिक्षक पाँचका अनुसार विद्यार्थीमा उत्साह र उत्प्रेरणा जगाउन कक्षामा प्रवेश गर्नासाथ एकछिन आफू नबोल्नाले विद्याथीले के भएछ भनेर आश्चर्य मान्छन् र हाँसेपछि कक्षाको वातावरण रमाइलो हुन्छ । पुरानो समयमा पाठ सुरु गर्नुपूर्व शिक्षकका कुरा सुन्न हाउभाउद्वारा बाध्य पारिन्थ्यो, ध्यान केन्द्रित हुन थालेपछि गृहकार्य भन्न लगाउने, नयाँ विषयवस्त् सुन्न लगाइन्थ्यो, पाठ सकिएपछि विभिन्न सन्दर्भ अनुकूलका विषय घटना सुनाएर समयको उपयोग गरिन्थ्यो । २०२८ अघि नेपाली भाषाशिक्षणप्रतिको अवधारणा स्पष्ट नहुँदा भाषिक सिपको विकासमा सहयोग पुग्ने खालका शिक्षण विधि र कार्यकलापको उपयोग थिएन । नेपाली विषय शिक्षणमा व्याख्यान र व्याकरणानुवाद विधिको बाहुल्यता थियो । शिक्षक छका अनुसार सिकाइ सहजीकरणमा शिक्षण सामग्रीको प्रयोगलाई अनिवार्य मान्नुपर्दछ । २०२८ पछि हुनेगरेका तालिम तथा शिक्षामा स्नातक गरेका शिक्षकबाट शिक्षणसामग्रीको प्रयोग हुनेगरेको हो । पाठ्यवस्तुको प्रकृतिअनुसार शिक्षणसामग्रीहरू फरक हुन्छन् । यस्ता सामग्रीहरूले सक्रिय सिकाइमा सहयोग पुयाउँछन् । शैक्षणिक सामग्रीलाई श्रव्य सामग्रीअन्तर्गत रेडियो, टेपरिकर्डर, ग्रामोफोनलगायत पर्दछन् । दृश्य सामग्रीअन्तर्गत फोटो, चित्र, स्लाइड, फिल्म स्ट्रिप, ओभर हेड प्रोजेक्टर, वोर्डहरू, चकबोर्ड, बुलेटिन बोर्ड, फलाटिन बोर्ड, चुम्बकीय चक बोर्डलगायत पर्दछन् । श्रव्य दृश्य सामग्रीअन्तर्गत चलचित्र, भिडियोलगायत पर्दछन् । सूचना र शैक्षिक प्रविधि सामग्री तथा पाठ्य सामग्रीअन्तर्गत शब्दपत्ती, वाक्यपत्ती, सन्दर्भपुस्तकलगायत पर्दछन् । स्पर्श सामग्रीअन्तर्गत काठ, भित्ता, चिसो, तातो गरी विभिन्न प्रकारका हुन्छन् ।

शिक्षक सातका अनुसार २०२८ पछि नेपाली भाषाशिक्षणको अवधारणा आएको हो । पाठ्यवस्तुअनुसार व्याख्यान, छलफल, प्रश्नोत्तर प्रस्तुतीकरण, खोज, समस्या समाधान, अभिनय, संवाद, पठन, श्रवणजस्ता विविध विधिहरूको उपयोगमा ध्यान दिन थालिएको हो । प्रस्तुतीकरण, समस्या समाधान र खोज विधिको उपयोग अति कम हुन्थ्यो । विद्यार्थी उठ्न र बोल्न डराउँथे । कार्यकलापहरू शिक्षक केन्द्रित थिए । हाल प्रयोगमा आएका सामग्री, परियोजना कार्य, समूह कार्य, प्रस्तुतीकरण उत्पादनजस्ता शिक्षण विधि तथा कार्यकलापको प्रयोग २०२८ अघि र धेरै पछिसम्म समेत थिएन । यो पछिल्लो एक दशक यता आएर मात्र सिकाइ सहजीकरणमा सहकार्यकलापको उपयोग गर्न थालिएको छ । शिक्षक आठका अनुसार नाटकीकरण, खेल र हाजिरीजवाफ प्रतियोगिता कार्यकलापहरू २०२८ अघि पनि हुनेगरेका भए पनि भाषाशिक्षणको मर्मअनुसार भने थिएनन् । २०२८ पछि विद्यालयस्तरीय सहकार्यकलापहरू हुनेगरेको, राष्ट्रस्तरीय वीरेन्द्र शिल्ड प्रतियोगिताहरू, शिक्षा मन्त्रालयसँग सम्बन्धित निबन्ध लेखन, वक्तृत्वकला, हाजिरीजवाफ प्रतियोगिताजस्ता कार्यक्रम हुन थालेका हुन् । सहकार्यकलापका क्रममा हरेक शुक्रवार सहकार्यकलाप हुन्थे । विज्ञलाई बोलाएर कथा, कविता, नाटक, भाषिक खेल सुन्ने, सुनाउने, खेल्ने, खेलाउने गरिन्थ्यो । समाचार सङ्कलन गरेर सुनाउन लगाइन्थ्यो । मीठा-मीठा ज्ञानगुनका कुरा हुन्थे । यसरी

बिनायोजनाबाट पनि भाषा सिकाइ सहजीकरणमा सहकार्यकलापको उपयोग २०२८ अघिदेखि नै हुँदै आएको र २०२८ पछि यसलाई योजनावद्ध रूपमा सञ्चालन गरिँदै आएको छ । शिक्षक नौका अनुसार सिकाइ सहजीकरणमा सहयोगात्मक सिकाइको उपयोगलाई विद्यार्थी केन्द्रित शिक्षण सिकाइका रूपमा लिइन्छ । पहिले नेपाली भाषा सिकाइ सहजीकरणमा सहकार्यकलापको उपयोग हुँदैनथ्यो । २०२८ सालअघि विद्यार्थी थोरै थिए र उनीहरू कम सक्रिय हुन्थे । सिकाइ योजनाबद्ध थिएन । जान्ने विद्यार्थीले बुझेका कुरा अरू साथीलाई सुनाउने कार्य भने २०२८ अघि पनि थियो । २०२८ पछि नयाँ पाठ्यक्रमसँगै समूहकार्य, खोज, समस्यासमाधान, सांस्कृतिक मेलाजात्रामा घुलमिल गराउनेजस्ता कार्यहरू अव्यवस्थित रूपमै भए पनि हुन्थे । व्यवस्थित र विद्यार्थी केन्द्रित सहकार्यमूलक शिक्षण सिकाइ अघि कमजोर थिए । विद्यार्थी विद्यार्थीभन्दा शिक्षक विद्यार्थीबिचको सम्बन्ध बढी हुन्थ्यो । २०२८ पछि भएका विभिन्न तालिममा सहकार्यात्मक सिकाइ गराउनुपर्छ भन्ने थियो तर व्यवहारमा त्यसलाई प्रभावकारी कायर्यान्वयन गरिएन । पहिले सहकार्यमूलक शिक्षण सिकाइ व्यवस्थित थिएन ।

शिक्षक दशका अनुसार सिकाइ सहजीकरणमा सूचना र प्रविधिको उपयोग विश्वमा दिनानुदिन विकसित ज्ञान, विज्ञान र प्रविधिको प्रयोगले विश्वलाई एक बनाएको र असम्भवलाई सम्भवमा वदलिदिएको छ । यान्त्रिक विद्युतीय उपकरण इमेल, इन्टरनेट, कम्प्युटर, टिभीको प्रयोगले नेपाली भाषाशिक्षणलाई पनि सरल र रोचक बनाएको छ । सिकाइलाई प्रभावकारी, दिगो, प्रविधिमैत्री र स्तरीय बनाउन सूचना प्रविधिको उपयोगले सहयोग पुऱ्याएको छ । यसरी नेपाली भाषाशिक्षणका सन्दर्भमा खास गरी २०७१ पूर्व सूचनाप्रविधिमा आधारित शिक्षण सिकाइ कमजोर भयो । सूचनाप्रविधि इमेल, म्यासेन्जर इन्टरनेट स्लाइडल, एआइगायतको प्रयोगले नेपाली भाषासिकाइकमा सूचनाप्रविधिको प्रयोग सहज भएको छ । भाषाशिक्षणलाई विविधतामूलक, रुचिपूर्ण र उद्देश्यमूलक बनाउन सहयोग पुऱ्याउने अतिरिक्त कार्यकलाप प्रयोगमा आएका छन् । कक्षाकोठाको औपचारिक र एकोहोरो वातावरणवाट विद्यार्थीलाई सहकार्यकलापतर्फ प्रवेश गराएमा भाषा सिकाइ रोचक, उत्प्रेरक र सबल बन्छ भन्ने मान्यतासमेत स्थापित भएका छन् । हिज्जे प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, वादविवाद प्रतियोगिता, भित्ते पत्रिका, भापिक खेल, अन्ताक्षरी, साहित्यिक कार्यक्रम आदिलाई सहकार्यकलापका रूपमा विकास गरिएको छ । हाल आएर नेपाली भाषासिकाइ सहजीकरणमा सहकार्यकलापको उपयोगका विषयमा स्पष्ट अवधारणा आएका छन् । २०२८ पछिको नयाँ पाठ्यक्रमसँगै शिक्षणसामग्री प्रयोगको महत्त्व स्थापित भएको हो । पाठ सुरु गर्नुपूर्व हँसिलो मुहारसहित कक्षामा प्रवेश गर्ने, प्रासङ्गिक कथा, कविता, चुट्किला, उपकथा, लोककथालगायत सुनाउनाले विद्यार्थीको ध्यान केन्द्रित भई पाठ सुरु गर्न सजिलो हुन्छ । शिक्षकले मात्र होइन, विद्यार्थीहरूलाई पनि पाठ सुरु गर्नुपूर्व आफूले देखेका, भोगेका, सुनेका विषय वा प्रसङ्ग सुनाउन, लेख्न र भन्न लगाउनाले नेपाली भाषा सिकाइ सहजीकरणमा टेवा मिल्दछ । नेपाली शिक्षण सिकाइ सहजीकरणका क्रममा सिकारुलाई पाठप्रति आकर्षित गराउन पाठ सुरु गर्नुपूर्व शिक्षकले विभिन्न कार्यकलाप गराउन सकिन्छ ।

## सिकाइ सहजीकरण प्रक्रियाको वर्तमान अवस्थाको विश्लेषण

पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने प्रकिया भएकाले परिवर्तित सन्दर्भ, अध्ययनअनुसन्धानका प्रतिवेदन, शिक्षक, प्राध्यापक, विद्यार्थी, बद्धिजीविलगायत सरोकारवाला निकायबाट प्राप्त सुझाव, प्रतिक्रिया, सङ्घसङ्गठनका सुझाव, सञ्चारका माध्यम र नागरिक समाजबाट पाठ्यक्रमलाई सान्दर्भिक तथा समावेशी बनाउने प्राप्त सल्लाहका आधारमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार भई नेपाल सरकारबाट विद्यालय तहको पाठ्यक्रम २०७८ स्वीकृति भएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्देश गरेको विद्यालय तहको पाठ्यक्रम संरचना एवम् पाठ्यक्रम विकासका मार्गदर्शक सिद्धान्त, ज्ञानको विस्तार तथा सिर्जना, सेवाक्षेत्रमा बढेको प्रतिस्पर्धा, राजनीतिक, सामाजिक र आथिक क्षेत्रमा आएका परिवर्तनले पाठ्यक्रम परिमार्जनको आवश्यकता औँल्याएअनुसार विद्यालय शिक्षालाई सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्रनिर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्ने माध्यमका रूपमा विकास गर्ने दृष्टिकोण रहेको छ । माध्यमिक शिक्षाले विद्यार्थीमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्न, सिद्धान्त तथा व्यवहारको समन्वय गर्न, ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने सक्षमता विकास गराउने अपेक्षा राखेको छ । यसै गरी शिक्षाले अधिकार, स्वतन्त्रता र समानताको प्रर्वधन गर्न, आफ्ना कर्तव्यप्रति सचेत हुने, स्वस्थ जीवनशैलीको अभ्यास गर्न, तार्किक विश्लेषण गरी निर्णय गर्न, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने नागरिक तयार गर्न सहयोग गर्ने अपेक्षा राखेको छ । शिक्षाको अपेक्षा नैतिक आचरण प्रदर्शन गर्न, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहन, आधुनिक ज्ञान, सिप तथा सञ्चार प्रविधिको प्रयोग गर्न, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने सक्षमताको विकास गर्ने अपेक्षा राखेको छ ।

शिक्षाको कार्यदिशा भनेको राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्न, समाज स्वीकार्य आचरण र कार्य संस्कतिको अवलम्बन गर्न, सहिष्णुभाव राख्न, सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्न, समसामयिक चुनातीको सफल व्यवस्थापन गर्नलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाजनिर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्नु हो । त्यसैले यसका लागि कक्षा ९ र १० का पाठ्यक्रम संरचनालाई पुनः संरचित गर्न राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट अन्तिम रूप दिई नेपाल सरकारबाट स्वीकृत भएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ लाई आधार मानी माध्यमिक तह (कक्षा ९ र १०) का विभिन्न विषयका पाठ्यक्रम तोकिएका विद्यालयमा परीक्षण गरी परीक्षणका पृष्ठपोषण समेटी यो पाठयकम विकास गरिएका हो । पाठ्यक्रमको पहिलो खण्डमा माध्यमिक शिक्षा ( कक्षा ९ र १०) पाठ्यक्रम २०७६ को परिचय तथा संरचना समावेश गरिएको छ । यसमा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत सक्षमता तथा पाठ्यक्रमका समग्र संरचना समावेश गरिएका छन् । दोस्रो खण्डमा अनिर्वाय विषयका पाठ्यक्रम समावेश गरिएका छन् । यसले विषयगत सिकाइ उपलब्धि, विषयवस्त, शिक्षण सिकाइका लागि आवश्यक विधि/प्रविधि तथा मूल्याङ्कनका पक्षलाई पनि मार्गनिर्देश गरको छ ।

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने विषय उल्लेख गरिएको छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई शिक्षण सिकाइका विधिका रूपमा कार्यान्वियन गर्नुपर्ने र सिकाइलाई केन्द्रबिन्दु मानी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने उल्लेख गरिएको छ । सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर) विद्याथीलाई समेट्ने गरी कक्षामा समावशी शिक्षण प्रकिया अपनाउनुपर्ने, सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने, विद्यार्थीका सहभागितामा योजना निर्माण, परियोजना तथा प्रयोगात्मक कार्य, क्षेत्र भमण, समस्या समाधान, आविष्कारमुखी अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कायान्वयन गर्न र सिकाइ प्रक्रिया सद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्न अवसर प्रदान गर्न क्रियाकलापमा आधारित हुनुपर्ने र गर्नुपर्ने विषय उल्लेख गरिएको छ ।

शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने, पठनपाठनमा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्न, सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर) विद्याथीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने, विद्याथी मूल्याङ्कन प्रक्रिया विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक वा शिक्षण सिकाइका क्रममा गरिने निरन्तर मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिने र आवधिक वा निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्याथीका सिकाइस्तर निर्धारण गर्नुपर्ने विषय उल्लेख गरिएको छ ।

आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य विद्याथीका सिकाइ स्तरमा सुधार गर्नु भएकाले यसका लागि शिक्षकले विद्यार्थीका व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने, विद्यालय तहको आन्तरिक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणका अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, कार्य प्रस्तुतीकरण, अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षाजस्ता मूल्याङ्कनका साधनको प्रयोग गर्न सकिने र यस्ता मूल्याङ्कनमा विद्यार्थीको न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै सिकाइ उपलब्धिका तथ्यगत अभिलेख (Evidence based Record) राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिनुपर्छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने कुरा उल्लेख गर्दै आन्तरिक मूल्याङ्कनको नतिजालाई अभिलेखीकरण गरी विषयगत पाठ्यक्रममा तोकिएअनुसार निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा आवधिक मूल्याङ्कनमा समावेश गरिने कुरा उल्लेख छ ।

निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा आन्तरिक मूल्याङ्कन र अन्तिम/बाहय परीक्षाका नतिजाका आधारमा तोकिएको भार समावेश गरी विद्यार्थीको निर्णयात्मक मूल्याङ्कन गरिने व्यवस्था मिलाइएको छ । आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त

तोकिएअनुसारका भारको मूल्याङ्कन आवधिक मूल्याङ्कनमा समावेश गरिने कुरा उल्लेख छ । आन्तरिक मूल्याङ्कनका तरिकामा विषयगत विविधता हुन सक्ने भए पनि निम्नलिखित पक्षको मूल्याङ्कन सबै विषयमा समावेश गरिने कुरा उल्लेख छ ।

कक्षासहभागिताको मूल्याङ्कनका निम्ति विद्यार्थीको नियमितता (उपस्थिति) र कक्षा क्रियाकलापमा सहभागिताको अभिलेखका आधारमा गरिएको मूल्याङ्कन गरिने कुरा उल्लेख छ । त्रैमासिक परीक्षाहरूका अङ्कका आधारमा प्राप्त अङ्कका बारेमा पहिलो त्रैमासिक अवधिभरमा पठनपाठन भएका विषयवस्तुबाट पहिलो परीक्षा सञ्चालन गरिने छ भने पहिलो र दोस्रो त्रैमासिक अवधिभरमा पठनपाठन भएका विषयवस्तुबाट दोस्रो त्रैमासिक परीक्षा सञ्चालन गरिने कुरा उल्लेख छ ।

प्रयोगात्मक तथा परियोजना कार्यको मूल्याङ्कनका सन्दर्भमा प्रयोगात्मक, सैद्धान्तिक तथा अन्य पक्षका मूल्याङ्कनको भार, विधि तथा साधन सम्बन्धित विषयका पाठ्यक्रममा उल्लेख भएअनुसार हुनुपर्ने र सद्धान्तिक पक्षका मूल्याङ्कनका लागि विशिष्टीकरण तालिकाका आधारमा हुने व्यवस्था मिलाइएको छ । परीक्षामा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीलाई केही खास खास विषयमा अरू साधारण विद्याथीलाई दिइने प्रश्नभन्दा अलग प्रश्नबाट वा अन्य उपयुक्त तरिकाबाट मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गन सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि उपयक्त हुने मूल्याङ्कन प्रकिया अपनाउनुपर्ने छ । विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्दा अक्षराङ्कन पद्धतिलाई उपयोग गरिने कुरा उल्लेख गरिएको छ ।

पाठ्यक्रम मूल्याङ्कन पाठ्यक्रमको मूल्याङ्कनका आधारका रूपमा विद्यार्थीको उपलब्धि स्तर, शिक्षकको कार्य सम्पादन स्तर, पठन पाठनमा उपयोग गरिएको समय, विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव, अभिभावक तथा समाजका सिकाइप्रतिका अपेक्षा र प्रतिक्रिया, सरोकारवालाको विद्यालयप्रतिको धारणा उपयुक्त पक्षमा समेतका आधारमा प्रत्येक पाँच वर्षमा पाठ्यक्रमको मूल्याङ्कन गरिने र यसो गर्दा व्यक्ति, परिवार र समाजमा परेको प्रभाव समेतलाई हेरिने कुरा उल्लेख गरिएको छ ।

## निष्कर्ष

सिकाइ सहजीकरणलाई भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य तथा प्रस्तुतीकरण भएका पाठ्यवस्तुलाई उपलब्धिमूलक बनाउने कार्यका रूपमा लिइन्छ । नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण प्रक्रियाको परम्पराको अध्ययन गर्दा २०२८ पूर्वको नेपाली भाषा सिकाइ प्रक्रिया व्यवस्थित, योजनाबद्ध, वैज्ञानिक र विद्यार्थी केन्द्रित हुन सकेन । २०२८ को राष्ट्रिय शिक्षा पद्धति योजनासँगै नेपाली भाषाशिक्षणसँग सम्बन्धित पाठ्यक्रम, पाठ्यपुस्तकको निर्माण भई सोहीअनुकूल पठनपाठन हुँदै आएका छन् । २०२८ पछि शिक्षकका लागि दिइएका अल्पकालीन र दीर्घकालीन, सेवाकालीन वा पूर्व सेवाकालीन तालिम, शिक्षाशास्त्र सङ्कायको स्थापना र शिक्षकको उत्पादनजस्ता गतिविधिले नेपाली भाषा सिकाइमा क्रमश : वैज्ञानिकता, बालमनोविज्ञान र व्यवस्थित अध्ययन

अध्यापन प्रक्रिया सञ्चालन हुँदै आएका छन् । २०३८, २०४९, २०५५ र २०६४, २०७१ र २०७८ का माध्यमिक नेपाली भाषा पाठ्यक्रम र सोअनुकूलको सिकाइ सहजीकरणसम्बन्धी निर्देशनले पनि नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण प्रक्रियामा क्रमश : सुधार गर्दै नेपाली भाषाशिक्षणको मर्म र भावना अनुकूल हुँदै आएको छ । पछिल्लो समय २०७८ को माध्यमिक नेपाली पाठ्यक्रमको कार्यान्वयनसँगै विद्यालय शिक्षणलाई सिकारुमैत्री, सिपकेन्द्रित र प्रयोजनपरक बनाउन खोजिएको छ । नेपाली भाषाशिक्षणका सन्दर्भमा खास गरी २०७१ पूर्व सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कमजोर भयो । हाल आएर सूचना प्रविधि इमेल, इन्टरनेट स्लाइडल, एआइगायतको प्रयोगले नेपाली भाषा सिकाइकमा सूचना प्रविधिको प्रयोग सहज भएको छ । भाषाशिक्षणलाई विविधतामूलक, रुचिपूर्ण र उद्देश्यमूलक बनाउन सहयोग पुऱ्याउने अतिरिक्त कार्यकलाप प्रयोगमा आएका छन् । कक्षाकोठाको औपचारिक र एकोहोरो वातावरणवाट विद्यार्थीलाई सहकार्यकलापतर्फ प्रवेश गराएमा भाषा सिकाइ रोचक, उत्प्रेरक र सबल बन्छ भन्ने मान्यतासमेत स्थापित भएका छन् । हिज्जे प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, वादविवाद प्रतियोगिता, भित्ते पत्रिका, भापिक खेल, अन्ताक्षरी, साहित्यिक कार्यक्रम आदिलाई सहकार्यकलापका रूपमा विकास गरिएको छ । हाल आएर नेपाली भाषा सिकाइ सहजीकरणमा सहकार्यकलापको उपयोगका विषयमा स्पष्ट अवधारणा आएका छन् । शिक्षणलाई अझ सफल, प्रभावकारी, व्यावहारिक र उद्देश्यमूलक बनाउन भाषाशिक्षकमा भाषाशिक्षणप्रतिको धारणामा स्पष्टता, जवाफदेहिता तथा सिकारुमा यस अनुकूलको लगनशीलता आवश्यक भएको निष्कर्ष निकालिएको छ । यसरी प्रस्तुत अध्ययन विद्यालय तहमा नेपाली शिक्षण सिकाइ सहजीकरण प्रक्रियाप्रति गहन अध्ययन गर्न चाहने शिक्षक, विद्यार्थी तथा अनुसन्धानकर्ताका लागि लाभदायी हुने देखिन्छ । यसै गरी पाठ्यांश निर्माण तथा परिमार्जनका सन्दर्भमा समेत उपयोगी हुने छ । साथै यस अध्ययनले निर्दिष्ट विद्यालय तहमा नेपाली शिक्षण सिकाइ सहजीकरण प्रक्रिया तथा पाठहरूको मूल्याङ्कन गर्नसमेत सकिने आधार प्रदान गरेको छ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६३). *नेपाली भाषाशिक्षण केही परिप्रेक्ष्य तथा पद्धति.* विद्यावी पुस्तक भण्डार ।

अनिवार्य नेपाली स्थायी समिति (२०८०). *नेपाली साहित्यिक रचना* (परिवर्तित चौथो संस्क.). साझा प्रकाशन ।

अनिवार्य नेपाली स्थायी समिति (२०६६). अनिवार्य *नेपाली शिक्षण निर्देशिका.* साझा प्रकाशन ।

अर्याल, डोमराज (२००२). *भाषाशिक्षणका सहकार्यकलाप यात्रा.* अक ६. (१). ११५-११८ ।

पाठ्यक्रम विकास केन्द्र माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम २०७८ ।

पौडेल, नेत्रप्रसाद (अगस्ट २०१८). *सामाजिक निर्माणवाद र भाषा सिकाइ शिक्षक,* १३. (१).२८-३८ ।

भट्टराई, *रामप्रसाद र अन्य* (२०७४). *नेपाली भाषाशिक्षण.* शुभकामना प्रकाशन ।

रन्जितकार, किरणराम र अन्य (२००७). *शिक्षाका विभिन्न परम्परा र अभ्यास.* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७४). *नेपाली भाषाशिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, चन्द्रप्रसाद र अन्य (२००५) *कक्षाकोठामा शिक्षण.* भुँडीपुराण प्रकाशन ।

शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्धति योजना २०२८, नेपाल सरकार, शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०४९), राष्ट्रिय शिक्षा आयोग २०४९, नेपाल सरकार, शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०६६) विद्यालय सुधार योजना २०६६-२०७२, शिक्षा मन्त्रालय, नेपाल सरकार ।

Akcay, H, Durmaz, A, Tuysuz, C, & Feyzioglu, (2006), Effects of computer based learning on atudents. attitudes and achievements towards analytical ahemistry. *Online Submission*, *5*(1) , 1–12.

Arslan, A., & Staub, S. (2013), *Theory X and theory Y type leadership behavior and its impact on organizational performance*, Small business owners in the Şishane Lighting and Chandelier District. *Procedia–social and behavioral sciences*, *75*(1), 2 – 111.

Ghazvini, S. D., & Khajehpour, M. (2011). *Attitudes and motivation in learning English as second language in high school students*. Procedia – social and behavioral sciences. 15, 1209 – 1213.

Gosper, M, & Ifenthaler, D. (2014). *Curriculum models for the 21st century*, Springer.

Vigotsky, L.S. (1978 ). *Mind and society.* Harvard University Press.